**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २५ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- सांसद खेल महोत्सवलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै प्रधान मन्त्री नरेन्द्र मोदीले सांसद खेल महोत्सवको माध्यमबाट देशभरि हजारौँ प्रतिभाशाली खेलाडीहरू देखा परिरहेको बताउनुभयो।

- पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेयीको आज १०१ औं जन्मजयन्ती, राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री लगायतका केन्द्रिय नेत्रित्वहरुले समाधिस्थलमा पुष्पांजलि अर्पण गर्नुभयो।

- निर्वाचन आयोगले पश्चिम बंगालमा एसआईआर अन्तर्गत हुने सुनुवाइ बैठकका सम्बन्धमा माइक्रो ऑब्जर्वरहरूलाई महत्त्वपूर्ण निर्देशन दिएको छ।

- आज विश्वभर क्रिसमस पर्व हर्षोल्लासको साथमा मनाइँदैछ।

- **विश्व हिन्दु परिषद् सिलगढीले आज स्वामी श्रद्धानन्द तथा सिख गुरु गुरू गोविन्दका चार छोराहरूको शहीदी दिवस पालन गऱ्यो।**

**<u>सांसद खेल महोत्सव</u>**

प्रधान मन्त्री नरेन्द्र मोदीले सांसद खेल महोत्सवको माध्यमबाट देशभरि हजारौँ प्रतिभाशाली खेलाडीहरू देखा परिरहेको बताउनुभयो। सांसद खेल महोत्सवलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, यसको दायरा र प्रभाव दुवै धेरै बढेको छ। उहाँले युवा विकासको माध्यमबाट यो खेलकुद महोत्सव राष्ट्र निर्माणको बलियो खम्बा बनिरहेको बताउनु भयो। यसैबीच दार्जिलिङका सासद राजु विस्टले सांसद खेल महोत्सव २०२५" को समापन समारोहमा संसद फुटबल टूर्नामेन्टको फाइनलमा सहभागीता जानाउनु भयो। यसबारेमा जानकारी गराउदै सासद विस्टले प्रधानमन्त्री नरेन्द्र मोदीको 'फिट इन्डिया' र 'नशा मुक्त भारत' दृष्टिकोणको एक भागको रूपमा आयोजित यस कार्यक्रमले हाम्रो निर्वाचन क्षेत्रका प्रतिभाशाली युवाहरूलाई शारीरिक फिटनेस र स्वस्थ जीवनशैलीलाई बढावा दिन एक साथ ल्याएको बताउनुभयो। कार्यक्रममा भारतीय राष्ट्रिय टिमका पूर्व फुटबल कप्तान भाइचुङ भुटिया, राज्यसभा सांसद हर्षवर्धन श्रृंगला, भारतीय राष्ट्रिय हकी टोलीका पूर्व कप्तान भरत क्षेत्री, एसएसबीका आईजी वन्दन सक्सेना, दार्जीलिङ भाजपा अध्यक्ष संजीव लामा , सिलीगुडी भाजपा अध्यक्ष अरुण मण्डल, विधायक दार्जीलिङ नीरज जिम्बा, सिलीगुडी विधायक डॉ शंकर घोष , माटिगरा-नक्सलबाड़ी विधायक आनन्दमयी बर्मन, फांसिडेवा विधायक दुर्गा मुर्मू, डबग्राम फुलबारी विधायक श्रीमती शिखा चटर्जी, भाजपा राष्ट्रीय प्रवक्ता प्रदीप भण्डारी लगायत अन्य प्रतिष्ठित नागरिकहरू, यस क्षेत्रका खेलाडी, खेलाडी, विद्यार्थी र खेल प्रेमीहरूको बिशेष उपस्थिति थियो।

**<u>अनिवार्य घोषणा</u>**

प्रधान मन्त्री राष्ट्रिय बाल पुरस्कारको उद्देश्य प्रतिभाशाली र असाधारण साहसदेखाउने बाल बालिकाहरूको पहिचान गर्नु र सम्मान गर्नु हो। आकाशवाणीसमाचारलाई दिएको विशेष अन्तर्वार्तामा महिला एवम् बाल विकास मन्त्रीअन्नपूर्णा देवीले भन्नुभयो, "पुरस्कारहरूले बाल बालिकाहरूलाई यो सन्देश पनिदिन्छ कि उनीहरू भविष्यका निर्माणकर्ता हुन् र उनीहरूमा

आत्मविश्वास जगाउँछ।

**श्रद्धांजलि सदैव अटल**

आज पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेयीको १०१ औं जन्मजयन्ती हो । राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले आज दिल्लीमा रहेको सदैव अटलको समाधिस्थलमा पुष्पांजलि अर्पण गरेका थिए। यस्तै पूर्व उपराष्ट्रपति एम वेंकैया नायडु, लोकसभा अध्यक्ष ओम बिरला, भाजपाका राष्ट्रिय अध्यक्ष तथा केन्द्रीय मन्त्री जगत प्रकाश नड्डा, भाजपाका राष्ट्रिय कार्यकारी अध्यक्ष नितिन नबिन, दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ता, धेरै केन्द्रीय मन्त्रीहरू, सांसदहरू र विधायकहरूले पनि स्वर्गीय प्रधानमन्त्रीप्रति पुष्प श्रद्धाञ्जलि व्यक्त गरेका थिए।

**एसआईआर**

भारतीय निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन संशोधन (एसआईआर) अन्तर्गत हुने सुनुवाइ बैठकका सम्बन्धमा माइक्रो ऑब्जर्वरहरूलाई महत्त्वपूर्ण निर्देशन दिएको छ । सुनुवाइका क्रममा मतदाताको जन्ममितिमा कुनै पनि असन्तुष्टि देखिए पनि त्यसबारे विशेष सतर्कता अपनाउन आयोगले भनेको छ । बंगालको मुख्य निर्वाचन अधिकारीको कार्यालयका एक अधिकारीका अनुसार माइक्रो अब्जर्भरलाई उनीहरूको जिम्मेवारीका बारेमा स्पष्ट निर्देशन दिइएको थियो । सुनुवाइका क्रममा आयोगको रिकॉर्डमा दर्ता जन्ममिति र मतदाताले बुझाएको परिचयपत्रमा अंकित जन्ममितिबीच भिन्नता हुनसक्ने जानकारी गराइएको छ । स्रोतका अनुसार यदि यस्ता घटनाहरू पत्ता लाग्यो भने यी गड़बड़िहरूलाई ध्यान दिने र आफ्ना वरिष्ठहरूलाई रिपोर्ट गर्ने जिम्मेवारी माइक्रो अब्जर्भरहरूको हुनेछ। त्यसपछि सुनुवाइ प्रक्रिया पूरा भएपछि यी मुद्दाहरूको थप अनुसन्धान गरिनेछ। सुनुवाइका क्रममा मतदाताले बुझाएको समर्थन कागजात मिलाउन पनि आयोगले लघुअनुगमनकर्तालाई निर्देशन दिएको छ । यसको उद्देश्य सम्पूर्ण प्रक्रिया पूर्ण रूपमा पारदर्शी र विश्वसनीय सुनिश्चित गर्नु हो। डिसेम्बर २७ देखि सुरु हुने मतदाता नामावलीको पहिलो चरणमा सन् २००२ को मतदाता नामावलीसँग सेल्फ म्यापिङ वा वंशज नक्साङ्कनमार्फत जोडिएका मतदातालाई बोलाइनेछ । त्यस्ता मतदाताको संख्या ३० लाख नाघेको बताइएको छ । दोस्रो चरणमा, ती शंकास्पद मतदाताहरूलाई सुनुवाइका लागि बोलाइनेछ, जसको पारिवारिक विवरणहरू वंशज म्यापिङको क्रममा गड़बड़ीहरू फेला परेका छन्। यस्ता केसको संख्या करिब १ करोड ३६ लाख रहेको बताइएको छ । यसअघि पश्चिम बङ्गालमा एसआइआर २००२ मा भएको थियो। मतदाता नामावलीको मस्यौदा डिसेम्बर १६ मा प्रकाशित भएको थियो । अन्तिम मतदाता नामावली १४ फेब्रुअरीमा सार्वजनिक हुनेछ । यसपछि निर्वाचन आयोगले राज्यमा हुन लागेको विधानसभा चुनावको मिति घोषणा गर्नेछ ।

**राष्ट्रपति -राष्ट्रीय बाल पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले भोलि नयाँ दिल्लीमा वीर बाल दिवसका अवसरमा प्रधान मन्त्री राष्ट्रिय बाल पुरस्कार प्रदान गर्नुहुनेछ। महिला एवम् बाल विकास मन्त्रालयले यस वर्ष १८ राज्य र केन्द्र शासित प्रदेशहरूबाट २० बाल बालिकाहरूलाई यस योजनाको लागि चयन गरिएको जानकारी दिएको छ। उनीहरुले वीरता, खेलकुद, समाजसेवालगायत विभिन्न क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेका छन् । सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले बालबालिका र युवालाई सम्बोधन गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।

**क्रिसमस**

प्रभु येशुको जन्मदिनको अवसरमा आज विश्वभर क्रिसमस पर्व हर्षोल्लासको साथमा  मनाइँदैछ । चर्चहरूमा विशेष प्रार्थना सभाहरूको आयोजना गरिएको छ। भ्याटिकन सिटीमा, पोप लियो चौधौंले विश्वको सबैभन्दा ठूलो चर्च सेन्ट पिटर्स बासिलिकामा क्रिसमस उत्सवको नेतृत्व गर्दैहुनुहुन्छ भने उहाँले चर्चको बाल्कोनीबाट रोम र संसारलाई विशेष क्रिसमस सन्देश सुनाउनेछन्।

**यसैबीच राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन तथा प्रधानमन्त्री नरेन्द्र मोदीले क्रिसमसको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ। एक सोशल मीडिया पोस्टमा, राष्ट्रपति मुर्मुले भन्नुभयो यस पर्वले मानव कल्याणका लागि प्रभु येशू ख्रीष्टले दिनुभएको बलिदानको स्मरण गराउँछ । उपराष्ट्रपति सी.पी. राधाकृष्णनले**

**इशु ख्रीष्टको शिक्षाले समाजमा स्थायी शान्तिको विकास गर्ने बताउनु भयो। प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीस्थित क्याथेड्रल चर्चमा आयोजित क्रिसमसको विशेष प्रार्थना सभामा सहभागी हुनुभयो।**

**क्रिसमस मुख्यमंत्री**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले क्रिसमसको अवसरमा शुभकामना दिनुभएको छ। सोशल मीडियाको आफ्नो पोस्टमा उहाँले शान्ति, प्रेम र सद्भावको सन्देश दिँदै सबैलाई "हरेक घरमा शान्तिको बत्ती ल्याउने, प्रभु हृदयमा बास गर्ने बताउनु भयो।यता दार्जिलिङ पहाडको बिभिन्न स्थानहरुमा हर्षोल्लासको साथमा  क्रिसमस पर्व पालन गरिएको छ भने गिर्जाघरहरुलाई सुन्दर ढगमा सजाइएको थियो।

**प्रधानमंत्री ग्राम सड़क योजना**

ग्रामीण क्षेत्रहरूमा बुनियादी सुविधाहरूको विकासका लागि भारतको सब भन्दा प्रभावशाली योजनाहरूमा एक प्रधानमंत्री ग्राम सड़क योजनाको 25 औं वर्षगांठ हो। 25 दिसंबर, 2000 को दिन ग्रामीण क्षेत्रहरूमा हर मौसममा संपर्क सुनिश्चित गर्नका लागि यस योजनालाई शुरू गरिएको थियो, जसको उद्देश्य कृषि, रोजगार, शिक्षा र स्वास्थ्य सेवाहरू सम्म पहुंच बढ़ाएर गरीबी उन्मूलनमा मदद पुर्याउनु हो।

**राष्ट्रपति – चित्रदुर्ग**

राष्ट्रपति द्रौपदी मुर्मुले कर्नाटकको चित्रदुर्गमा बसमा आग लगेको घटनामा ज्यानमालको नोक्सानी भएकोमा गहिरो शोक व्यक्त गर्नु भएको छ। एक सोशल मीडिया पोस्टमा राष्ट्रपतिले मृतकहरूका परिवारहरू प्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वस्थ हुने प्रार्थना गर्नु भेको छ।

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले पनि यस सड़क दुर्घाटनामा ज्यान गुमाउनेहरू प्रति गहिरो शोक व्यक्त गर्नु भयो। उपराष्ट्रपतिले घाइतेहरूको शीघ्र स्वास्थ लाभको कामना गर्नु भयो। प्रधानमंत्री नरेन्द्र मोदीले यस दुखद दुर्घटना परि ज्यान गुमाउनेहरू प्रति गहिरो शोक समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्त्य लाभको कामना गर्नु भएको छ। दुर्घटना भएको बस बेंगालुरू बाट गोकर्ण तर्फ गइरहेको थियो। एउटा कन्टेनर ट्रकसित ठोकिन्दा बसमा आगो लागेको थियो। जसमा 8 जनाको ज्यान गएको छ तथा कैयन घाइते भएका छन्। बसमा 32 भन्दा बढी मानिसहरू सवार थिए।

**नेपाल – सरकार व राजनीतिक दल बैठक**

नेपाल सरकार र नेपालका प्रमुख राजनीतिक दलहरूबीच आगामी वर्षको 5 मार्चको दिन हुने प्रतिनिधि सभाको निर्वाचनका लागि अनुकूल वातावरण सिर्जना गर्ने सहमति भएको छ। नेपालका शीर्ष तीन ठूला राजनीतिक दलका नेताहरूले काठमाडौंको शीतल निवासस्थित राष्ट्रपति कार्यालयमा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री सुशीला कार्कीसित बैठक गरेका छन्।

नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (एमाले) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रपति र प्रधानमंत्री संग बैठक गर्नु भयो। सो अवसरमा राष्ट्रपति पौडेलले 5 मार्च 2026को दिन हुने आगामी प्रतिनिधि सभाको निर्वाचन सफल बनाउन तीन प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूलाई आग्रह गर्नुभयो।

**भाजपा प्रदर्शन**

बंगलादेशमा हिन्दू

**क्रिसमस-नए-साल**

क्रिसमस र नयाँ वर्षको स्वागतको तयारी भइरहेको बेला सिलिगुडी शहरका अधिकांश पब र बारहरू बिहान तीन बजेसम्म खुला राख्ने निर्णयले पुलिसको चिन्ता बढाएको छ। चाडपर्वको आडमा सहरमा ब्राउन सुगर र कोकिनजस्ता लागुऔषधको व्यापार

तीव्र गतिमा फैलिरहेको छ, जुन पुलिसको निगरानीमा छ। पुलिस स्रोतका अनुसार लागुऔषध तस्करहरु अहिले पक्राउ पर्नबाट बच्न अनौठो कोड नाम प्रयोग गरिरहेका छन्। सबैभन्दा चिन्ताको कुरा के छ भने यो लागुऔषधि नेपाल, सिक्किम, मिजोरम र असम हुँदै सिधै सिलिगुडीका युवाहरुसम्म पुगिरहेको छ।स्रोतका अनुसार चंपासारी मोड़ र बंगाल सफारी जस्ता क्षेत्रहरू हुँदै सेवक रोड नजिकैको निश्चित ठाउँमा ड्रग्स पुर्याइन्छ। यो सम्पूर्ण नेटवर्कको पछाडि एउटा अनौठो सप्लाई चेन काम गरिरहेको छ, जहाँ आफूलाई 'सामाजिक कार्यकर्ता' भन्ने केही युवाहरू वास्तवमा लागुऔषध माफियाको करियरको रूपमा काम गरिरहेका छन्।

**मेगिटार**

नयाँ बर्षलाई स्वागत गर्दै ग्रामीण पर्यटनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुर्याउदै मेगिटारलाई चिनाउने प्रमुख उदेश्यको साथमा दार्जिलिङ भेगकै प्रख्यात पर्यटन स्थलहरु एक मेगिटारमा एक दिने बृहत् सांस्कृतिक कार्यक्रमको आयोजना गरिने आयोजक समितिले जनाएको छ। मेगिटार इको टुरिज्म कमिटीको मुख्य आयोजनामा नव बर्षलाई स्वागत गर्दै नवबर्ष आरम्भ उत्सवको नाममा पहिलो जनवारीमा आयोजित हुन कार्यक्रममा विभिन्न जातीय झाँकीहरू सगैं स्थानीय नवोदित एवं नेपाली सगित जगतमा ख्याति कमाइसकेका कलाकारहरूको प्रस्तुति रहने बताइएको छ। जसमा राई, लिम्बू, गुरूङ, मगर, खस, थामी लेप्चा लगायतको जातीय नाचहरुको प्रस्तुति रहने बताइएको छ।

**कैजले**

दार्जिलिङ पुलबजार खण्ड अधिनस्त कैजले ग्रामको लोवर सिरिसेमा एक दिने स्वस्थ जाँच शिविर सम्पन्न गरियो। स्थानीय समृद्धि समाज लोवर सिरिसेको मुख्य आयोजना तथा दृष्टि फाउन्डेसन कालेबुङको सहयोगमा आयोजित शिविरमा एकजना जेनेरल फिजिसियन तथा एक नेत्र रोग विशेषज्ञको बिशेश रूपमा उपस्थित थियो◌ भने उनीहरुले उपस्थित रोगीहरु स्वस्थ जाच सगै आवश्यक औसधिहरु वितरण गरेका थिए।

**राजेश चौहान**

जीटीएका डेप्युटी चेयरम्यान राजेश चौहानले आफ्नो टोलीसँगै आज सिसु भवन र दार्जिलिङ जिल्ला अस्पतालको भ्रमण गरेर क्रिसमस उपहारको रूपमा त्यहाँका अधिकारी अनि कर्मचारीहरुलाई केक उपहार दिए। साथै उनले आज क्रिसमसमा उनीहरूसँग उत्सवको रूपमा केही समय बिताउँदै शुभकामन पनि दिए।

**केक वितरण**

क्षेत्रमा शान्ति सद्भाव तथा भाइचाराको सन्देश दिदै पुलबजार बिजनबारी गोक समष्टि सभासद भुपेन्द छेत्रीको निर्देशनमा समष्टिभरका लगभग पचासबटा चर्चहरु केक वितरण गरिएको छ।

****** ० ******